# ठूला शहरमा 'इभाकुएसन पार्क' निर्माण गरिने

काठमाडौं, जेठ १०

सरकारले काठमाडौं उपत्यकाभित्रका चार स्थान र सबै प्रदेशका ठुला सहरमा विपद् लक्षित 'इभाकुएसन पार्क' निर्माण गर्ने भएको छ ।



राष्ट्रपति विद्यादेवी भण्डारीले संघीय संसदमा सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने क्रममा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित उक्त कार्यक्रम उल्लेख गर्नुभएको हो । त्यस्तै, बेमौसमी वर्षा, बाढी, पहिरो, खडेरी, आगलागीलगायतका प्राकृतिक, मानवीय एवं जैविक प्रकोपको तत्काल सम्बोधन गर्नसक्ने गरी विपद् पूर्वतयारी, पूर्वसूचना, प्रतिकार्य, पुनर्निर्माण र पुनर्स्थापनाको व्यवस्था सुदृढ बनाइने पनि नीति तथा कार्यक्रममा उल्लेख छ ।



विपद् प्रभावितको उद्धार, आपतकालीन बसोबास र उपचारका लागि तीनै तहमा स्वयंसेवकको परिचालन गर्ने र विपद् जोखिम न्यूनीकरण वित्तीय रणनीति कार्यान्वयन गरिने कार्यक्रमलाई प्राथमिकता दिइएको छ । विपद् व्यवस्थापन सम्बन्धी सबै प्रकारका तालिम एकीकृत रुपमा संचालन गर्ने एवं विपद् प्रतिकार्य र उद्धारमा नेपाली सेनालगायत सबै सुरक्षा निकायहरुलाई समन्वयात्मक रुपमा परिचालन गरिने नीतिलाई सरकारले निरन्तरता दिने भएको छ ।